( च ) कार्य समितिको निर्णय लागू गर्न गराउन रचनात्मक पहल गर्ने ।

( छ ) वैठक र साधारण सभालाई सुव्यवस्थित गर्न निर्देश दिने र आवश्यक परेको खण्डमा नियम सम्पादन गरी व्यवस्थित गर्ने ।

(ज) कार्यसमितिको निर्वाचनको लागि कार्यसमितिको सहमतिमा निर्वाचन अधिकृत र निर्वाचन आयोगको गठन गर्ने।

(झ) संस्थाको प्रतिनिधित्व गर्दै, अन्य विभिन्न संघ संस्था,सरकारी गैर सरकारी निकाय, दुतावास,सिटी काउन्सिल आदिका कार्यक्रममा सहभागी हुने वा गराउने,समन्वय गर्ने गराउने वा अख्तियारी प्रदान गर्ने।

७.४ वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षको काम , कर्तव्य र अधिकारः

( क ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य वरिष्ठ उपाध्यक्षले र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सवै कार्य सम्पादन उपाध्यक्षले गर्ने र गराउने छन् ।

( ख ) संस्थाको हित हुने गरी अध्यक्षलाई रचतात्मक सहयोग र सुझाव दिने । अध्यक्षले गर्ने काममा रचनात्मक सहयोग गर्ने ।

( ग ) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिका इकाइहरुलाई क्रियाशिल गराइ राख्ने।

७.५ महासचिवको काम , कर्तव्य र अधिकारः

( क ) अध्यक्षले दिएको निर्देशनअनुसार कार्य सम्पादन गर्ने ।

( ख ) बैठक बेलाउन पत्राचार गर्ने ।

( ग ) बैठकका गतिविधिको अभिलेख राख्ने ।

( घ ) माइन्युट बुक चुस्त र दुरुस्त राख्ने ।

( ङ ) रचनात्मक र छिटो छरितो बैठक संचालनको कार्यविधि अपनाउने ।

( च ) कार्यसमितिको निर्णयहरु कार्यान्वयनको लागि निर्देशिका तयार पार्ने ।

( छ ) कार्यसमिति र साधारणसभाका निर्णयहरु सदस्यहरुलाई लिखितरुपमा जानकारी गराउने ।

७.६ सचिवको काम , कर्तव्य र अधिकारः

( क ) महासचिवले गर्ने सबै कार्यमा रचनात्मक सहयोग पऱ्याउने ।

( ख ) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सबै कार्यभार सम्हाल्ने ।

७.७ कोषाध्यक्षको काम , कर्तव्य र अधिकारः

( क ) संस्थागत आयब्ययको दुरुस्त लेखा राख्ने ।

( ख ) आयव्ययको सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।

( ग ) कोषको आर्थिक कारोवार कार्य समितिको निर्णयअनुसार अध्यक्षको निर्देशनमा सम्पादन गर्ने ।

७.८ सहकोषाध्यक्षको काम कर्तव्य र अधिकार:

(क)कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्ने सवै काम गर्ने।

(ख)कोषाध्यक्षलाई रचनात्मक सहयोग गर्ने

(ग) संस्थागत आयब्ययको दुरुस्त लेखा राख्ने ।

(घ) कोषको आर्थिक कारोवार कार्य समितिको निर्णयअनुसार अध्यक्षको निर्देशनमा सम्पादन गर्ने।

७.९ कार्य समितिका सदस्यहरुको काम , कर्तव्य र अधिकारः

( क ) अध्यक्ष तथा महासचिवले प्रस्तुत गरेका विषयवस्तुमा छलफल गर्ने , बहश गर्ने ,विचार प्रस्तुत गर्ने र तोकिएका सवै काम जिम्वेवारि पुर्वक गर्ने।

(ख) संस्थाको प्रगति र उन्नति मा सधै रचनात्मक योगदान पुर्याउने।

(ग) आवश्यक सुझाव सल्लाह र मत जाहेर गर्ने, आदि ।

परिच्छेद ८

कार्यसमितिको र समितिका सदस्यहरुको पदावधि

८.१ कार्यसमितिको पदावधि :

( क ) कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रतेक २ वर्षमा कार्यसमितिको नयाँ निर्वाचन वा सर्वसम्मत चयन गरिने छ।

( ख ) विभिन्न कारणले तोकेको अवधिमा कार्यसमिति गठन वा पुनर्गठन हुन नसकेमा , अवधि समाप्त भएमा पनि अर्को कार्यसमिति निर्माण नहुँदा सम्म पुरानै

कार्यसमितिले कार्य सम्पादन गर्नेछ । तर त्यसलाई साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

( ग ) पदावधि पुरा नभई कुनै कारणवश कुनै पद रिक्त हुन गएमा सो पद कार्यसमितिको वहुमतको निर्णयले अध्यक्षले अन्य आजीवन वा पारिवारिक आजीवन सदस्य लिएका सदस्यमध्येबाट नियुक्त गर्नुपर्नेछ ।

८.२ कार्यसमितिका सदस्यहरुको पद रिक्त हुने अवस्थाः

( क ) कुनै पनि पदाधिकारीले कार्यसमितिको अध्यक्ष समक्ष राजिनामा दिई स्वीकृत भएमा ।

( ख ) राजिनामा स्वीकृत गर्ने अधिकार कार्य समितिको अध्यक्षलाई रहने छ तर विवाद देखापरे कार्यसमितिको कम्तिमा ५१ % मत को निर्णय मान्य हुनेछ।

( ग ) विना सुचना कार्यसमितिको बैठकमा तीन पटकसम्म अनुपस्थित भएमा , कार्यसमितिको निर्णयले अध्यक्षले सो सदस्यलाइ हटाई उक्तपदमा नयाँ व्यक्तिको नियुक्त गर्न सक्नेछन् ।

( घ ) कुनै पनि सदस्यको निधन भएमा ।

( ङ ) कुनै पनि सदस्यले आफ्नो दायित्व अनुसारको संस्थाको हित हुने कामको विपरित कार्य गरेको वा फौजदारी अभियोगमा सजाय प्रमाणित भई निष्काशन वा निलम्वित भएमा ।

( च ) संस्थाको हित र निर्णय विरुद्ध कुनै गतिविधि वा प्रचारवाजी गरेको प्रमाणित भई उक्त सदस्य कार्यसमितिबाट हटाइएमा ।

(छ) अध्यक्ष लगायत कार्यसमितिले संस्थाको हित विपरित काम गरेकोलागेमा आवस्यक प्रमाण सहित एक तिहाइ साधारण सभाले अविस्वासको प्रस्ताव पेश गर्न पाईने छ। त्यसरि प्रस्तुत अविस्वासको प्रस्तावमा मतदान भै अविस्वास प्रस्तावको पक्षमा दुईतिहाई मत पुगि कार्यसमिति भंग भएमा।

परिच्छेद - ९

९ .१ कार्यसमितिको निर्वाचनः

( क ) कार्य समितिको निर्वाचनको लागि निर्वाचन हुनुभन्दा २१ दिन पहिले निर्वाचन आयोगको गठन गरिनेछ ।

( ख ) निर्वाचन साधारण सभाको गोप्य मतदानद्वारा वा सहमतिमा गरिनेछ ।

( ग ) कुनै पनि योग्य सदस्य एक जना प्रस्तावक र दुईजना समर्थक सहित तोकेको शुल्क वुझाई उम्मेदवार बन्न पाइनेछ ।

( घ ) निर्वाचन आयोगले यस विधानको अधिनमा रहि निर्वाचन सम्वन्धि आवश्यक नियम बनाई कार्य सम्पादन गर्न सक्ने छ ।

( ङ ) निर्वाचनको मिति र निर्वाचन आयोगको घोषणा भएपछि निर्वाचन सम्पन्न भै नयाँ कार्यसमितिले कार्यभार नसम्हाले सम्मका लागि संस्थाको कुनैपनि नयाँ सदस्यता वितरण गर्न वन्द गरिनेछ ।

परिच्छेद -१० कोषसंबन्धि व्यवस्था

१०.१ कोषको व्यवस्थाः

( क ) काभ्रे सोसाइटी युके (Kavre Society UK )को नाममा बैंक खाता खोलि सो खाता मा रकम जम्मा गरि सोहि खातावाट मात्र संस्थाको कारोवार गरिने छ।

( ख ) विभिन्न क्षेत्रबाट सहयोग स्वरुप उठेको रकम तथा जिन्सी नै कोषको मुख्य आय हुनेछ ।

( ग ) कुनै पनि संस्थाबाट प्राप्त चल अचल सम्पत्ति पनि कोषको हुनेछ ।

( घ ) समाजको आर्थिक कारोवारको लागि कार्यसमितिका अध्यक्ष , महासचिव र कोषाध्यक्ष सहित तीन जना पदाधिकारीहरुको रोहवर र जिम्मेरीमा रहनेछ ।

१०.२ कल्याणकारी कोषको व्यवस्थाः

( क ) भैपरि आउने तथा कल्याणकारी कोषको लागि छुट्टै कोषको व्यवस्था गरि नियमन गरिने छ।

परिच्छेद -११

११.१ विधान संशोधनः

( क ) संस्थाको विधान संशोधन गर्न आवश्यक भएमा साधारण सभामा उपस्थित सदस्यको दुइतिहाइ सदस्यहरुको समर्थनमा विधान संशोधन हुन सक्नेछ ।

काभ्रे सोसाइटी युके
KAVRE
SOCIETY UK

परिच्छेद -१२

१२.१ वाधा अड्काउ फुकाउनेः

( क ) संस्थाको रचनात्मक कार्य सम्पादनमा कुनै वाधा अड्चन आइपरेको खण्डमा संस्थाको घोषित उद्देश्यमा वाधा नपुग्ने गरी अध्यक्षको निर्देशनमा कार्यसमितिले निर्णय गरी वाधा अड्चन फुकाउन सक्नेछ , तर त्यसको अनुमोदन पछि  साधारण सभाबाट गराउनु पर्ने छ।

जय  काभ्रे  सोसाइटी!